# मेलुङ राजपत्र

**मेलुङ गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७) भेड्पु, दोलखा, बागमती प्रदेश, नेपाल, माघ १९ गते, २०८० (सङ्ख्या २४**


## <u>भाग २</u>

### विद्यालय लेखापरीक्षण निर्देशिका, २०८०

<u>**प्रस्तवना :**</u>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) (२१) र मेलुङ गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ को दफा ५२ मा उल्लेखित अधिकार प्रयोग गरी मेलुङ गाउँपालिका अन्तर्गतका विद्यालयहरुको लेखापरीक्षण गर्न वाञ्छनीय भएकोले मेलुङ गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

**परिच्छेद - १**
**परिभाषा**

१ <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> :

(क) यस निर्देशिकाको नाम "विद्यालय लेखापरीक्षण निर्देशिका, २०८०" रहेको छ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागुहुनेछ।

२ <u>**परिभाषा**</u> **: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा;**

(क) "निर्देशिका" भन्नाले मेलुङ गाउँपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०८० सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले मेलुङ गाउँपालिकालाई सम्झनुपर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(घ) “शिक्षा शाखा” भन्नाले मेलुङ गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

(ङ) “शाखा प्रमुख" भन्नाले मेलुङ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्दछ।

(च) “लेखापरीक्षण” भन्नाले मेलुङ गाउँपालिका अन्तर्गतका विद्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षण कार्यलाई जनाउँदछ।

(छ) “लेखापरीक्षक” भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाण पत्र प्राप्त व्यक्ति, संस्था, कम्पनीवा फर्मलाई जनाउँदछ।

(ज) "विद्यालय" भन्नाले मेलुङ गाउँपालिकाको क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास कक्षा देखि कक्षा बाह्रसम्मको अध्ययन अध्यापन हुने सबै प्रकारका विद्यालयहरुलाई सम्झनु पर्दछ।

(झ) "सिफारिस" समिति भन्नाले दफा -८ बमोजिमको समिति सम्झनु पर्दछ।

## परिच्छेद - २

## सूचना प्रकाशन तथा विवरण तयारी

३ **<u>विद्यालयको अन्तिम लेखा परीक्षणका लागि सूचना प्रकाशन गर्नुपर्ने</u>** : विद्यालयको अन्तिम लेखापरीक्षण गर्नका लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्तावाल लेखापरीक्षकहरुको विवरण तयार गर्न आर्थिक वर्षको सुरु महिनाभित्र गाउँपालिकाको लेटरप्याडमा अनुसची -१ बमोजिमको ढाँचामा ३० दिन अवधिको सूचना तयार पारी गाउँपालिकाको वेभसाइट मार्फत प्रकाशन गर्नुपर्नेछ।

४ **<u>निवेदन सङ्कलन तथा दर्ता अभिलेख कायम गर्ने</u>** :

(१) लेखापरीक्षकहरुको विवरण तयार गर्न दफा ३ बमोजिम प्रकाशित सूचनामा उल्लेख भए अनुसार आफ्नो फर्म वा संस्थाको विवरण अध्यावधिक गराउन ईच्छुक लेखापरीक्षकहरुले सूचनामा तोकिएको समय र कागजातको प्रमाणित प्रतिलिपि सहित अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन पेस गर्नु पर्नेछ।

(२) फर्म वा संस्थाबाट उपदफा (१) बमोजिम पेस हुन आएको निवेदन छुट्टै दर्ता रजिष्टरमा दर्ता अभिलेख कायम गरी अनुसूची ३ बमोजिमको ढाँचामा विवरण तयार गर्नु पर्नेछ।

५ **<u>अन्तिम अध्यावधिक विवरण तयार गरी सार्वजिनक गर्नु पर्ने</u>** : शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरेको अनुसूची -३ बमोजिमको विवरण अध्ययन गरी दफा ७ बमोजिमको विद्यालय लेखा परीक्षक सिफारिस समितिले लेखापरीक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गरी गाउँपालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद - ३
## लेखापरीक्षकको सिफारिस र नियुक्ति

६ **<u>विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्नुपर्ने</u>** : विद्यालयको लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिले दफा ५ बमोजिम गाउँपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकमध्येबाट तीन जनाको नाम सिफारिस गरी अनुसूची -४ बमोजिमको ढाँचामा सात (७) दिनभित्र सिफारिस समितिमा पेस गर्नु पर्नेछ।

७ **<u>विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्न नहुने</u>** : विद्यालय व्यवस्थापन समितिले देहायका लेखापरीक्षकहरुको नाम विद्यालय लेखापरीक्षक सिफारिस समितिमा सिफारिस गरी पठाउनु हुँदैन।

(क) लगातार विगत दुई आर्थिक वर्षको विद्यालयको लेखा परीक्षण कार्यमा संलग्न भएको लेखापरीक्षक,

(ख) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन तोकिएको अवधिभित्र विद्यालयमा पेस नगरेको लेखापरीक्षक,

(ग) विद्यालयको लेखा परीक्षण गर्नु पर्ने आर्थिक वर्षका लागि गाउँपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिएको लेखा परीक्षकहरुको विवरणमा नामावली समावेश नभएको।

८ **<u>विद्यालय लेखापरीक्षक सिफारिस समिति</u>** :

(१) विद्यालय लेखापरीक्षक समितिले विद्यालयबाट सिफारिस भई आएका लेखा परीक्षकहरुको नामावली दफा ७ बमोजिमको मापदण्ड पालना भए/नभएको जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा मापदण्ड पालना भएको पाईएमा गाउँ शिक्षा समिति समक्ष सिफारिस गरी पठाउनु पर्नेछ तर मापदण्ड पालना नभएको पाईएमा पुनः सिफारिस गरी पठाउन विद्यालयलाई निर्देशन दिनु पर्नेछ।यसरी निर्देशन दिँदा समेत पुनः मापदण्ड पालना भएको नपाईएमा विद्यालय लेखापरीक्षक सिफारिस समितिबाटै दफा ५ बमोजिम गाउँपालिकाको वेबसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकहरुमध्येबाट तीन जनाको नाम सिफारिस गरी पठाउनु पर्नेछ।

(३) विद्यालय लेखापरीक्षक सिफारिस समितिले उपदफा (१) र (२) बमोजिम गाउँ शिक्षा समितिमा ३ जना लेखापरीक्षकहरुको नामावली सिफारिस गरी पठाउँदा अनुसूची -५ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

(४) लेखापरीक्षकहरुको अन्तिम अद्यावधिक विवरण तयार गर्ने र लेखा परीक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका लेखापरीक्षकहरु मध्येबाट लेखापरीक्षक नियुक्तिका लागि गाउँ शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखापरीक्षकको नाम सिफारिस गर्ने कार्यका लागि देहायको एक विद्यालय लेखा परीक्षक सिफारिस समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) आन्तरिक लेखा परीक्षक शाखा प्रमुख - सदस्य

(ङ) लेखापरीक्षकको विवरण तयारीमा संलग्न शाखाको कर्मचारी - सदस्य सचिव

(५) विद्यालय लेखापरीक्षक सिफारिस समितिले लेखा परीक्षकहरुको पेशागत संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

९ <u>विद्यालय लेखा परीक्षक सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u> : विद्यालय लेखा परीक्षक सिफारिस समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विद्यालयको लेखा परीक्षणका लागि सूचना प्रकाशित गर्ने गराउने,

(ख) लेखा परीक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गरी सार्वजिनक गर्ने गराउने,

(ग) लेखा परीक्षक नियुक्तिका लागि गाउँ शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परीक्षकको नाम सिफारिस गर्ने,

(घ) गाउँ शिक्षा समिति वा विद्यालय व्यवस्थापन समितिबाट तोकिएको अविधभित्र लेखा परीक्षकको नामावली सिफारिस भई नआएका विद्यालयहरुको लेखा परीक्षण गर्न दफा -५ बमोजिम गाउँपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकहरुमध्येबाट लेखा परीक्षक नियुक्तिका लागि गाउँ शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परीक्षकको नाम सिफारिस गर्ने,

(ङ) विद्यालयको लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या समाधानका लागि गाउँ शिक्षा समितिलाई राय सल्लाह दिने,

(च) सामुदायिक विद्यालयहरुको लेखा परीक्षण प्रतिवेदन अध्ययन गरी वार्षिक रुपमा गाउँ शिक्षा समिति समक्ष प्रतिवेदन पेस गर्ने,

(छ) गाउँ शिक्षा समितिले तोकेका विद्यालयको लेखा परीक्षण सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने।

१० <u>नामावली सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने मापदण्ड</u> :

(१) विद्यालय लेखा परीक्षक सिफारिस समितिले दफा ९ को खण्ड (ग) र खण्ड (घ) बमोजिम गाउँ शिक्षा समितिमा लेखा परीक्षकहरुको नामावली सिफारिस गर्दा देहायका मापदण्डको अवलम्बन गर्नु पर्नेछः

(क) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको प्राथमिकताक्रम,

(ख) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई नआएका विद्यालयको हकमा दफा ९ को खण्ड (घ) बमोजिमको सिफारिसको प्राथमिकताक्रम।

(२) अघिल्लो दुई आ.ब. सम्म लेखा परीक्षण प्रतिवेदन पेस नगरेका लेखा परीक्षकहरु उपदफा (१) अनुसार पहिलो प्राथमिकताक्रममा रहेका भएतापनि विद्यालय लेखा परीक्षक सिफारिस समितिले गाउँ शिक्षा समितिमा नाम सिफारिस गर्ने छैन।

(३) यो कार्यविधि प्रारम्भ भएपश्चात सम्बन्धित विद्यालय र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको अवधिभित्र लेख परीक्षण प्रतिवेदन पेस नगरेका लेखा परीक्षकहरु विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएतापनि विद्यालय लेखा परीक्षक सिफारिस समितिले गाउँ शिक्षा समितिमा सिफारिस गरी पठाउने छैन्।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय लेखापरीक्षक सिफारिस समितिले विद्यालयगत रुपमा लेखापरीक्षक सिफारिस गर्दा सम्भव भए सम्म सबै सूचीकृत लेखापरीक्षकहरुलाई कम्तीमा एक विद्यालय एक लेखापरीक्षक हुनेगरी सिफारिस गर्ने बाधा पुगेको मानिने छैन।

११ <u>विद्यालय लेखा परीक्षक सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि</u> : विद्यालय लेखा परीक्षक सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१२ <u>लेखा परीक्षकको नियुक्ति</u> :

(१) यस निर्देशिकाको दफा ९ को खण्ड (ग) र खण्ड (घ) बमोजिम सिफारिस भई आएका लेखापरीक्षकहरुलाई गाउँ शिक्षा समितिले नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकहरुलाई अनुसूची -६ बमोजिमको ढाँचामा शाखा प्रमुखले नियुक्ति पत्र दिनेछ।

१३ <u>लेखा परीक्षकको नियुक्ति सम्बन्धी विशेष व्यवस्था</u> :

(१) दफा १२ बमोजिम नियुक्त लेखा परीक्षकले तोकिएको अवधिभित्र नियुक्ति पत्र बुझि नलिएमा वा नियुक्ति पत्र बुझिलिएर पनि तोकिएको समयभित्र विद्यालयको लेखा परीक्षण नगरेमा त्यस्तो नियुक्ति स्वतः बदर भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम लेखा परीक्षकको नियुक्ति बदर भई लेखा परीक्षण हुन नसकेका विद्यालयको लेखा परीक्षण गर्न विद्यालय लेखा परीक्षण सिफारिस समितिले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम तोकेको लेखापरीक्षकहरुलाई अनुसूची ६ बमोजिमको ढाँचामा शाखा प्रमुखले नियुक्ति पत्र दिनेछ।

## परिच्छेद - ४
## लेखापरीक्षकको पारिश्रमिक

१४ <u>लेखा परीक्षकको पारिश्रमिक</u> :

(१) विद्यालयको अन्तिम लेखापरीक्षण कार्यसम्पन्न गरेबापत विद्यालय लेखा परीक्षकको पारिश्रमिक वार्षिक दस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा पाँच हजार रुपैयाँसम्म, त्यसपछि बीस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा प्रतिहजार थप तीन रुपैयाँ र त्यसपछि प्रतिहजार थप एक रुपैयाँ पचास पैसाको दरले पारिश्रमिक सम्बन्धित विद्यालयबाट उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक रकम लेखा परीक्षण प्रतिवेदन पेस भए पछि सम्बन्धित विद्यालयहरुबाटै लेखा परीक्षकलाई भुक्तानी गर्नुपर्नेछ। त्यसरी भुक्तानी गर्दा नियमानुसार करकट्टी गर्नु पर्ने भए करकट्टी गरेर मात्र भुक्तानी गर्नुपर्नेछ।

१५ **<u>तोकिएको भन्दा बढी पारिश्रमिक लिनदिन नहुने</u>** :

(१) विद्यालयहरुले लेखा परीक्षकलाई दफा १४ मा तोकिएको दर भन्दा बढी पारिश्रमिक भुक्तानी दिन पाईने छैन।

(२) लेखा परीक्षकहरुले विद्यालयबाट दफा १४ मा तोकिएको दर भन्दा बढी पारिश्रमिक भुक्तानी लिन पाईने छैन।

(३) उपदफा (२) र (३) बमोजिम लेखा परीक्षक पारिश्रमिक लेनदेन गर्दा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर थप गरे भुक्तानी लिनदिन सकिनेछ।

१६ **<u>पारिश्रमिक भुक्तानी लिन प्रतिवेदन पेस गर्नु पर्ने</u>** : लेखा परीक्षकहरुले विद्यालयबाट पारिश्रमिक रकम भुक्तानी लिनु पूर्व सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र शाखामा लेखा परीक्षण प्रतिवेदन पेस गरेको हुनुपर्नेछ।

## परिच्छेद-५
## आन्तरिक लेखापरीक्षण

१७ **आन्तरिक लेखा परीक्षण गर्न सकिने :**

(१) आन्तरिक लेखापरीक्षण शाखाले वार्षिक, अर्धबार्षिक वा त्रैमासिक रुपमा सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक लेखा परीक्षणको प्रतिवेदन विद्यालय लेखा परीक्षण सिफारिस समिति मार्फत गाउँ शिक्षा समिति समक्ष पेस गर्नुपर्नेछ।

(३) आन्तरिक लेखा परीक्षण वापत विद्यालयबाट कुनै प्रकारको पारिश्रमिक र थप सुविधा लिनदिन पाइनेछैन्।

## परिच्छेद - ६
## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१८ **<u>महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने</u>** :

(१) लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्बन्धित विद्यालयले महसुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष जानकारी गराउनुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई जानकारी भएको निर्णय सहितको बेहोरा महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ।

(३) महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन र सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी विद्यालयको हुनेछ।

## परिच्छेद - ७
## बेरुजु र सम्परीक्षण

१९ **<u>बेरुजु फछ्यौट गर्ने दायित्व</u>** :

(१) आन्तरिक र अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुको प्रमाण पेस गरी वा नियमित गराई वा असुल उपर गरी गराई फछ्यौट गर्ने दायित्व सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

(२) बेरुजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त प्रधानाध्यापक सरुवा वा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्यौट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खुलाई हाल कामकाज गर्न तोकिएको प्रधानाध्यापकलाई बुझाउनु पर्नेछ।

(३) हाल कामकाज गर्न तोकिएको प्रधानाध्यापकले उपदफा (२) बमोजिम बुझिलिई बेरुजु फछ्यौट गर्नु गराउनु पर्नेछ।

## परिच्छेद - ८
## विविध

२० **<u>लगातार दुईपटक भन्दा बढी लेखा परीक्षक नियुक्त गर्न नहुने</u>** : एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटक भन्दा बढी लेखापरीक्षणका लागि नियुक्ति गर्न पाइने छैन।

२१ **<u>लेखा परीक्षण गराउने कर्तव्य</u>** : गाउँपालिकाबाट नियुक्त भई आएको लेखापरीक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

२२ **<u>कालो सूचीमा राख्न सकिने</u>** : तोकिएको समयावधिभित्र सम्बन्धित निकायमा अन्तिम लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने लेखा परीक्षकलाई गाउँ शिक्षा समितिले आगममी दुई आर्थिक वर्षको लागि कालो सूचीमा सूचीकृत गर्न सक्नेछ।

२३ **<u>निकासा रोक्का गर्न सकिने</u>** : गाउँपालिकाबाट नियुक्त भएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराउने विद्यालयमा त्यसपश्चात निकासा हुने रकमहरु रोक्का गर्न सकिनेछ।

२४ **<u>लेखा परीक्षण गर्न सकिने विद्यालय संख्या</u>** : एउटा लेखापरीक्षकलाई एक आर्थिक वर्षमा बढीमा तीन ओटा विद्यालयको लेखापरीक्षण गर्ने गरी मात्र नियुक्त गर्न सकिनेछ।

२५ **अधिकार प्रत्यायोजन** : गाउँ शिक्षा समितिले यस निर्देशिका बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आफू मातहतको कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२६ **यसै बमोजिम भएको मानिने** : यस निर्देशिका लागु हुनुपुर्व विद्यालय लेखापरीक्षण सम्बन्धी कामकारबाही यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

२७ **बाधा अड्काउ फुकाउन सक्ने** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्चन आईपरेमा कार्यपालिकाले यस निर्देशिका संशोधन गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १
(परिच्छेद २ को दफा ३ सँग सम्बन्धित)

**विद्यालयको अन्तिम लेखापरीक्षणका लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना !**
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०.............)**

प्रस्तुत विषयमा यस मेलुङ गाउँपालिका अन्तर्गतका विद्यालयहरुको गत आर्थिक वर्ष ............... (विगत आ.व. को लेखापरीक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो अवधि समेत) को अन्तिम लेखापरीक्षण गर्ने गराउने प्रयोजनका लागि लेखापरीक्षकको विवरण तयार गर्नु पर्ने भएकोले विद्यालयको लेखापरीक्षण गर्न ईच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता नविकरण गरेका ईच्छुक लेखापरीक्षकबाट यो सूचना प्रकाशन भएको मितिले .............. दिनभित्र कार्यालय समयभित्र देहायमा उल्लेखित कागजातहरुका प्रमाणित प्रतिलिपि संलग्न गरि शिक्षा, युवा तथा खेलकुद शाखामा आईपुग्ने गरी मेलुङ गाउँपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०८० को अनुसूची २ बमोजिको ढाँचामा निवेदन पेस गर्नु गराउनु हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

**देहायः**

१ फर्म दर्ता प्रमाणपत्र (नवीकरण गर्नु पर्ने भए सो समेत)
२ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र ( नवीकरण गर्नु पर्ने भए सो समेत)
३ स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र
४ गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र
५ नेपाली नागरिकताको प्रमाणपत्र
६ संस्थाको प्रोफाइल
७ बहालवाला कर्मचारीहरुको हकमा सम्बन्धित कार्यालयको स्वीकृति पत्र

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखाः सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन।

अनुसूची २

(परिच्छेद २ को दफा ४ को उपदफा १ संग सम्बन्धित)

विद्यालयको लेखा परीक्षणका लागि दिईने निवेदनको ढाँचा

मिति :

श्री शिक्षा, युवा तथा खेलकुद शाखा
मेलुङ गाउँकार्यपालिकाको कार्यालय
भेड्पु ,दोलखा।

विषय : विद्यालयको लेखा परीक्षणका लागि विवरण अध्यावधिक गरिदिने बारे।

प्रस्तुत विषयमा मेलुङ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतका विद्यालयहरुको आ.व. ............. को अन्तिम लेखा परीक्षणका लागि प्रकाशित सूचना बमोजिम मेरो नाममा रहेको फर्मबाट लेखा परीक्षण गर्न ईच्छुक रहेकोले तपसिलका प्रमाणपत्रका प्रतिवेदनहरु यसैसाथ संलग्न राखी पठाएको बेहोरा अनुरोध गर्दछु।

लेखा परीक्षकको सही :
नाम :
फर्मको नाम :
ठेगाना :
मोबाइल नम्बर :
ईमेल ठेगाना :

**संलग्न कागजातहरु :**

१ फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
२ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
३ स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
४ गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान १
५ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीथान १
६ संस्थाको प्रोफाइल थान १
७ सम्बन्धित कार्यालयको स्वीकृति पत्र (बहालबाला कर्मचारीहरुको हकमा मात्र) थान १

## अनुसूची ३
(परिच्छेद २ को दफा ४ को उपदफा २ संग सम्बन्धित)

### आ.व. २०........ का लागि लेखा परीक्षकहरुको अध्यावधिक विवरण

| क्र.सं. | लेखा परीक्षकको नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर | दर्ता नं. | दर्ता मिति |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

अनुसूची ४

(परिच्छेद ३ को दफा ६ संग सम्बन्धित)

विद्यालय व्यवस्थापन समितिले विद्यालय लेखापरीक्षक सिफारिस समितिमा सिफारिस गरी पठाउने पत्रको ढाँचा

(विद्यालयको लेटर प्याडमा तयार गरी पठाउने)

मिति :

श्री विद्यालय लेखापरीक्षक सिफारिस समिति
मेलुङ गाउँपालिका, दोलखा।

विषय : लेखा परीक्षकको नाम सिफारिस गरी पठाईएको बारे।

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति...................... को निर्णयानुसार यस आर्थिक वर्षको विद्यालयको अन्तिम लेखा परीक्षणका लागि मेलुङ गाउँ कार्यपालिकाको कार्यालयबाट सार्वजनिक गरिएको लेखा परीक्षकहरुको अध्यावधिक विवरणको सूचीमध्येबाट तपसिल बमोजिम तीन जना लेखा परीक्षकहरुको नामावली सिफारिस गरी पठाईएकोले तहाँ विद्यालय लेखापरीक्षक सिफारिस समितिबाट उक्त नामावली सिफारिस गरी गाउँ शिक्षा समितिमा पठाईदिनु हुन अनुरोध छ।

प्रधानाध्यापक

**तपसिल**

| क्र.सं. | लेखा परीक्षकको नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ५

(परिच्छेद ३ को दफा ९ को उपदफा (५) संग सम्बन्धित)

विद्यालय लेखापरीक्षक सिफारिस समितिले गाउँ शिक्षा समितिमा लेखा परीक्षक सिफारिस गरी पठाउने पत्रको ढाँचा

(कार्यालयको लेटर प्याडमा तयार गरी पठाउने)

मिति :

श्री गाउँ शिक्षा समिति
मेलुङ गाउँपालिका, दोलखा।

विषय : लेखा परीक्षकको नाम सिफारिस गरीएको।

प्रस्तुत विषयमा यस विद्यालय लेखापरीक्षक सिफारिस समितिको मिति ................... को निर्णयानुसार यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको आर्थिक वर्ष ................ को अन्तिम लेखापरीक्षणका लागि मेलुङ गाउँपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०८० को दफा १० बमोजिम लेखा परीक्षकहरुको नामावली देहाय अनुसार सिफारिस गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

संयोजक
विद्यालय लेखापरीक्षक सिफारिस समिति

**देहाय**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | लेखा परीक्षकको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | **क्र.सं.** | **नाम** | **फर्मको नाम** | **ठेगाना** | **मोबाइल नम्बर** | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची ६

(परिच्छेद ३ को दफा १२ को उपदफा (२) संग सम्बन्धित)

लेखा परीक्षकलाई दिइने नियुक्तिको ढाँचा

मिति :

विषयः नियुक्त गरिएको।

श्री (लेखा परीक्षकको नाम) (फोन नम्बर)

फर्म वा संस्थाको नाम र ठेगाना ।

प्रस्तुत विषयमा गाउँ शिक्षा समितिको मिति .................... को निर्णयानुसार तपाईंलाई मेलुङ गाउँपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०८० को परिच्छेद ४ मा उल्लेख भएबमोजिमको पारिश्रमिक सुविधा पाउने गरी देहायमा उल्लेखित विद्यालयको आ.व. ............ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकमा नियुक्त गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछु। यसैसाथ उल्लेखित निर्देशन समेतका आधारमा पैंतीस दिनभित्र तोकिएका विद्यालयको लेखा परीक्षण कार्य सम्पन्न गरी कार्य सम्पन्न भएको पन्ध्र दिनभित्र लेखापरीक्षण प्रतिवेदन मेलुङ गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेस गर्नु होला।

शाखा प्रमुख

शिक्षा, युवा तथा खेलकुद शाखा

**अन्तिम लेखा परीक्षण गर्न तोकिएका विद्यालयहरुको बिवरण**

| क्र.सं. | इमिस कोड | विघलायको नाम | वडा नं. | टोल | मोबाइल नम्बर |
|---|---|---|---|---|---|
| | | | | | |

**तपसिल** :

१. लेखा परीक्षण गर्दा सरकारी अनुदान र विद्यालयको आन्तरीक स्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी विवरण पेस गर्नुपर्नेछ।

२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

३. विद्यालयको कक्षागत विद्यार्थी संख्या र विद्यालयमा रहेको शिक्षक तथा कर्मचारी संख्या प्रचलित शिक्षा ऐन नियमानुसार रहेको वा नरहेको विषय स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ।

४. आम्दानी र खर्च प्रचलित ऐन नियम अनुसार भएको वा नभएको हेर्नुपर्नेछ।

५. सरकारी अनुदान वापत विद्यालयमा निकासा भएको रकम जुन क्रियाकलापका लागि निकासा भएको हो सोही क्रियाकलापमा खर्च गरेको वा नगरेको स्पष्ट खुलाउनु पर्नेछ।

६. लेखा परीक्षण कार्य गर्दा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समेत जानकारी गराउनु पर्नेछ।

७. नियुक्ति पाएको पैंतीस दिनभित्र लेखा परीक्षण कार्य सम्पन्न गरी लेखा परीक्षण कार्य सम्पन्न भएको पन्ध्रदिनभित्र लेखा परीक्षण प्रतिवेदन सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र मेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।

८. लेखा परीक्षण वापतको पारिश्रमिक रकम निर्धारण गर्दा आयव्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कन रकम, मुद्धति खाताको रकम र सरकारी अनुदानका रुपमा निकासा हुँदा भूलबस निकासा भई विद्यालयले सम्बन्धित निकायमा फिर्ता गर्नु पर्ने रकम समावेश गर्न पाईने छैन।

९. लेखा परीक्षण गर्दा विद्यालयको घर भाडा भुक्तानी गर्दा अग्रिम करकट्टी गरेको वा नगरेको, कर योग्य आय भएका शिक्षकहरुको नियमानुसार करकट्टी गरेको वा नगरेको शिक्षकको तलबभत्ता वा विद्यालय कर्मचारी र बालविकास शिक्षकको पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा करकट्टी गरेको वा नगरेको, स्थायी शिक्षकहरुको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सावधिक जीवन बीमावापतको कट्टी गर्नुपर्ने रकम तलबभत्ता तथा पारिश्रमिक भुक्तानी गरेको अवधिमै कट्टी गरेर विवरण सहित सम्बन्धित कोष वा खातामा जम्मा गरेको वा नगरेको विवरण समेत पेस गर्नु पर्नेछ।

१०. लेखा परीक्षण गर्दा अन्य कुराहरुका अतिरिक्त प्रचलित शिक्षा सम्बन्धी ऐन नियमहरु, वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, कार्यक्रमका लागि भएका सम्झौता पत्रहरु, लेखा परीक्षण मापदण्ड, लेखा परीक्षण ऐन नियम तथा नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाबाट जारी भएका विद्यालय लेखापरीक्षणसंग सम्बन्धित मापदण्ड तथा निर्देशिकालाई समेत आधार लिई गर्नुपर्नेछ।

११. लेखा परीक्षण वापतको पारिश्रमिकमा नियमानुसार लाग्ने करकट्टी गरेर मात्र विद्यालयबाट पारिश्रमिक भुक्तानी हुनेछ।

१२. लेखा परीक्षणका लागि यसैपत्रमा तोकिएको समयावधिभित्र लेखा परीक्षण नगरेमा वा लेखा परीक्षण गरेर पनि तोकिए अवधिभित्र प्रतिवेदन नबुझाएमा अर्को लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गराईनेछ।

**बोधार्थ :**

श्री .................. विद्यालय

प्रचलित नियमानुसार लेखा परीक्षण कार्य गरी गराई मेलुङ गाउँकार्यपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०८० को परिच्छेद ४ बमोजिम तहाँ विद्यालयबाटै पारिश्रमिक रकम भुक्तानी दिनुहुन अनुरोध छ।

आज्ञाले
सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत